# जङ्गबहादुरले प्रधानमन्त्री पदबाट किन राजिनामा दिए ?

*शोभा पोखरेल*

नेपालको राजनीतिक रङ्गमञ्चमा षड्यन्त्रको सूत्रपात पृथ्वीनारायण शाहको मृत्युपछि नै हुन थालेको हो । समयसमयमा सत्ताको लागि आफ्नो पद सुरक्षित एवम् स्थायी राख्ने उद्देश्यले विभिन्न षड्यन्त्रमा भूमिका निर्वाह गर्ने हाम्रा कुर्सी पुजारीहरू देखा नपरेका होइनन् । यस्तै षड्यन्त्रको क्रममा श्री ५ राजेन्द्रविक्रम शाहकी महारानी लक्ष्मीदेवीको एक विश्वासिलो भारदार गगनसिंह पनि विरोधी पक्षको शिकार बने । यसरी तत्कालीन महारानीको प्रियपात्र गगनसिंहको हत्या नेपालको आधुनिक इतिहासमा एउटा सनसनीपूर्ण घटना मानिएको छ । किनकि उनैको हत्यापश्चात् कोतपर्वजस्तो भयङ्कर घटना नेपालमा हुन पुग्यो ( वि.सं. १९०३ मा । यसर्थ गगनसिंहको हत्या नै कोतपर्वको सूत्रपात थियो ।

यो घटनापछि महारानी लक्ष्मीदेवीद्वारा जङ्गबहादुर प्रधानमन्त्री र कमाण्डर(इन(चिफ बने । १ त्रिरत्न मानन्धरले चाहिं भण्डारखाल पर्वपछि कमाण्डर(इन(चिफ र प्रधानमन्त्री बने २ भनेका छन् । जे होस्, कोतपर्वपछि सम्पूर्ण अधिकारहरूको केन्द्रबिन्दु जङ्गबहादुर बन्न पुगे ।
महारानी लक्ष्मीदेवी र श्री ५ राजेन्द्रको काशीवास (एक्सजाइल) पनि कोतपर्वकै परिणाम थियो । यसरी राजा र रानीको काशी निर्वासनबाट त जङ्गबहादुर एक प्रकारले तानाशाह नै बनेका थिए । किनकि उनलाई नेपालमा कसैको डर, त्रास र धक केही थिएन । राजा सुरेन्द्र अयोग्य र कमजोर मस्तिष्कका थिए । उनलाई जङ्गबहादुरले नै राजा बनाएका थिए । यसरी जङ्गबहादुर यति शक्तिशाली हुँदाहुँदै पनि ई.सं. १८५६ अगष्ट १ मा उनले आफ्नो पदबाट राजिनामा दिएर आफ्ना भाइ बमबहादुरलाई प्रधानमन्त्री नियुक्त गर्नका लागि श्री ५ मा अनुरोध गरे ३ अतः उनले राजिनामा दिनुका कारणहरूमा निम्न कुरा व्यक्त गरेका छन् । यो प्रश्न अति नै महत्वपूर्ण छ कि उनले राजिनामा किन गरे त ? तलका कुराहरूमाथि ध्यान दिनु आवश्यक देखिन्छ :

“प्रशासनको बढ्दो कार्य तथा चापको साथसाथै उनको स्वास्थमा प्रतिकूल असर परेको र उनको स्वास्थ्य क्षीण हुँदै गएकोले उनले राजिनामा दिएका हुन. ।” तर उनले राजिनामा दिएको बेलासम्ममा उनको विरुद्धमा तीव्र रूपबाट भएका षड्यन्त्रहरू सेलइसकेका थिए । फेरि भर्खरै नेपाल(तिब्बत युद्धमा विजयी भएकाले उनको महत्व बढ्दै गएको थियो । यस्तो अनुकूल परिस्थितिमा उनलाई राजिनामा दिनुपर्ने आवश्यकता नै थिएन । त्यसैले यस्तो स्थितिमा उनले स्वास्थ्यको कारण देखाइ दिएको राजिनामाको मुख्य कारण अरू नै रहेको र यहाँ पनि उनको दूरदर्शीता तथा कुटनीति लुकेको प्रष्ट हुन्छ ।

(क) पद्मजङ्गको भनाइमा यो राजिनामा दिनुको पछाडि भाइहरूबाट हुन सक्ने खतराको सम्भावनालाई टाल्नुको साथै उनका भाइको स्वास्थ्य पनि नराम्रो भएको बताएका छन् । तर त्यसमा सत्यता भने थिएन । किनकि त्यसबेला जङ्गबहादुर केबल ३९ वर्षका मात्र थिए । उनी आफ्ना उत्तराधिकारी जो उनीद्वारा नै प्रधानमन्त्री बनाइएका थिए, त्योभन्दा स्वस्थ्य हट्टाकट्टा देखिन्थे र बमबहादुरको मृत्यु ई.सं. १८५७ मे २५ मा भयो ।५ त्यसैले जङ्गबहादुर बमबहादुरभन्दा हट्टाकट्टा नै थिए । यसले उनको राजिनामाको कारण स्वास्थ्य होइन भन्ने प्रष्ट हुन्छ । बमबहादुरको मृत्युपछि प्रधानमन्त्री पद उनी आफैले सम्हाले । ६ (ख) यदि उनले भाइहरूलाई खुशी नै पार्नका लागि प्रधानमन्त्री बनाएका थिए भने बमबहादुरको मृत्यु पश्चात् पनि अर्का भाइ कृष्णबहादुरलाई प्रधानमन्त्री बनाउनुपर्थ्यो तर सो गरेनन् । यसबाट पनि जङ्गबहादुरले स्वास्थ्यकै कारणबाट राजिनामा गरेका हैनन् भन्ने प्रष्ट हुन्छ । (ग) जङ्गबहादुरले प्रधानमन्त्री पदबाट राजिनामा दिएपछि अङ्ग्रेज राजदूतले उनलाई साधारण नागरिक झैं व्यवहार गर्न थाले ७, जुन कुराले जङ्गबहादुरलाई केही चोट त पुर्‍याएको थियो । तर भाइहरूतिरबाट उनलाई डर थियो भन्ने कुरा त्यति स्वभाविक देखिदैन । किनभने जङ्गबहादुरले बमबहादुरलाई प्रधानमन्त्री बनाए तापनि राजकाजका विषयमा भने उनलाई पूर्ण स्वतन्त्रता नदिई त्यसलाई आफ्नो नै पकडमा राखी एक किसिमले हस्तक्षेप गरिरहेका थिए । यसबाट पनि प्रष्ट हुन्छ उनले राजिनामा स्वास्थ्यका कारणले दिएका थिएनन् । यसरी जङ्गबहादुरले एकातिर प्रधानमन्त्री पदबाट राजिनामा दिंदा देखाएको स्वास्थ्यको कारण र अर्कोतिर रामसेसित पछि व्यक्त गरेको विचार एक आपसमा बाझिने खालको देखिन्छ । अतः उनको राजिनामा दिंदा स्वास्थ्यको जुन कारण देखाए त्यो उपयुक्त देखिदैन । उनले प्रधानमन्त्री हुँदा राज्यको सम्पूर्ण अधिकार आफ्नो हातमा लिइसकेका थिए र

तानाशाहको रूपमा कार्य गरिरहेका थिए । उनले राजिनामा दिनुको पछाडि यो कारण पनि हुन सक्छ देशको अधिकार मात्र हैन; देशको सर्वोच्च व्यक्ति नै बन्न चाहेको देखिन्छ । यथार्थमा स्वास्थ्यको कारणबाट उनले राजिनामा दिएका थिएनन् । उनी सो भन्दा माथिको पद प्राप्त गर्न लालायित थिए । यो कुरा निम्न घटनाले झन् पुष्टि गर्दछ । जङ्गबहादुरले ‘राजिनामा गरेको दुई दिन पछि राजाले उनलाई बीस लाखको जागिर दिनुको साथै ‘उपाधि’ पनि दिएका थिए । तर जङ्गबहादुरले ‘जागिर’ मात्र स्वीकार गरी उपाधिलाई अस्वीकार गरेका थिए । ८ यदि जङ्गबहादुरले स्वस्थ विचारले प्रधानमन्त्री पदबाट राजिनामा गरेको भए, त्यसरी जागिर मात्र स्वीकार गरी ‘उपाधि’ अस्वीकार गर्दैन थिए ।

लर्ड डलहौजीलो त ‘जङ्गबहादुरले शाह वंशलाई नै खतम गर्ने प्रयत्न गरेका थिए । यो एउटा यस्तो प्रयास थियो, जसले या त उनी राजा नै हुन सक्दथे या उनको हत्या नै हुन सक्दथ्यो’ ९ भनेका थिए । यस्तै गरी ब्रिटिस रेसिडेन्टले लेखेका छन्(‘जङ्गबहादुरको उद्देश्य सार्वभौम अधिकारको प्रयोग गर्न मात्र हेन, सो शक्ति र स्थानमा नै रहन चाहनु पनि थियो ।

१० यी सबै कार्यका लागि अर्थात् आफ्नो उद्देश्य सफल पार्न जङ्गबहादुर ब्रिटिस रेसिडेन्ट र अङ्ग्रेज सरकारको समर्थन चाहन्थे । किनभने यो समर्थनविना जङबहादुरको उद्देश्य सफल हुन सक्दैन थियो । तर ब्रिटिस रेसिडेन्टसँग जङ्गबहादुरको सम्बन्ध त्यतिखेर चिसिएको थियो । किनभने ब्रिटिस रेसिडेन्टले जङ्गबहादुरलाई नागरिक झैं व्यवहार गरेको र जङ्गबहादुरले प्रधानमन्त्रीको कार्यमा हस्तक्षेप गरेको एक अर्कालाई चित्त बुझेको थिएन । त्यसैले एक पटक जङ्गबहादुरले ब्रिटिस रेसिडेन्टलाई आफ्नो सो कार्यको प्रष्टिकरण दिँदै भनेका थिए( “यदि मैले जागिर र राज्यको प्रमुख मामलाहरू नसम्हालेको खण्डमा महाराजाधिराज स्वयम्ले गद्दी छोडिदिने धम्की दिइबक्स्यो । अतः मैले बेलायत, भोट र चीन सम्बन्धित मामलामा राजा र प्रधानमन्त्रीलाई सल्लाह दिने कुरामा प्रतिज्ञा गरे र मैले बमबहादुरलाई सल्लाह दिएको हुँ ।”११ यति मात्र हैन जङ्गबहादुरपछिका क्रियाकलापहरूले पनि उनी के चाहन्थे भन्ने कुरा प्रष्ट हुन्छ । यसपछि पद्मजङ्गको भनाइमा राजगुरु विजयराजको नेतृत्वमा केही भारदारहरूको दलले जङ्गबहादुरलाई उनको दरबारमा गएर भेटे र देशको हितका लागि उनलाई गद्दी सम्हाल्ने अनुरोध गरे । १२ तर जङ्गले उनीहरूको अनुरोधलाई धन्यवाद दिँदै यो चलाखीपूर्ण जवाफ दिए कि (“उनी यो ग्रहण गर्न तयार छन् यदि यो नेपाल र नेपालीको खुशीको लागि हुन्छ भने, साथै यदि उनैको आवश्यकता छ भने उनी हिच्किचाहटविना सत्तामा बस्न तयार छन् र उनी श्रीपेचको भारविना नै । जुन उनले अर्कालाई दिएका थिए देशको मामिला हेर्न सक्नेछन् । १३ यसरी जङ्गले गद्दी ग्रहण गर्न नमानेपछि उक्त दलले कास्की र लमजुङका महाराज बन्न अनुरोध गऱ्ये । १४ जुन उनले स्वीकारे । यसरी जङ्गबहादुरले भाइ भारदारहरूको अनुरोधलाई स्वीकार गरी ‘आफू आफ्नो इच्छामा हैन, जनताको इच्छामा कास्की र लमजुङको महाराजा बनेको हुँ’ भन्ने कुरा देखाइ । ई.सं. १८५६ अगस्ट ६ मा श्री ५ सुरेन्द्रद्वारा सार्वजनिक रूपमा जङ्गबहादुरलाई कास्की र लमजुङ्गका महाराजा उपाधि उनका सन्तान दरसन्तानले उपभोग गर्न पाउने गरी प्रदान गरिएको घोषणा भयो । १५ उनलाई १९ तोपको सलामी र नजराना प्राप्त गर्ने अधिकार पनि दिइयो । लालमोहरअनुसार महाराजाको पद उनका सन्तान दरसन्तानमा जाने उल्लेख गरिएको थियो । फलतः नेपालको शासन व्यवस्थामा राणा परिवारको जग मजबुत बन्यो ।

यसरी जङ्गबहादुरको इच्छा अप्रत्यक्ष रूपमा त्योभन्दा धेरै माथिको पद प्राप्त गर्ने रहेको भए तापनि तत्कालीन परिस्थिति र यसमा पनि खास गरेर ब्रिटिस रेसिडेन्ट रामसेसँग उनको मनमुटावले सम्भव हुन सकेन । किनभने उनी र अङ्ग्रेज सरकारको समर्थनविना नेपालको राजालाई हटाएर आफू राजा बन्नु सानो र सजिलो काम भने थिएन । त्यसैले जङ्गबहादुरले कास्की र लमजुङको महाराजा पदमा नै आफूलाई चित्त बुझाउन बाध्य भए । यस सम्बन्धमा पछि जङ्गबहादुरले रेसिडेन्टसित भेट्दा थिए (“उनी राजाकहाँ गएका थिएनन् बरु राजाले उनलाई तीनपल्ट डाक्न पठाए र महाराजा ग्रहण गर्न बाध्य बनाइए ।

१६ यहाँनिर के प्रश्न उठ्छ भने राजालाई उनले कर नगरेको भए उनलाई नाईनाई भन्दाभन्दै पनि जबरजस्ती सो पद दिनुपर्ने आवश्यकता थिएन । उनले त फाइदा लुट्नसम्म लुटे । कास्की र लमजुङ सम्बन्धी सम्पूर्ण अधिकारको साथै विदेश नीति, राजा र प्रधानमन्त्रीलाई सल्लाह, जनताको मामिलामा र सैनिक प्रशासनमा न्यायिक क्षेत्रमा सल्लाह आदि सम्पूर्ण क्षेत्रमा हात हाले । युरोपमा चर्च वाज ए स्टेट विथइन ए स्टेट भने झैं

नेपालमा अर्को राज्य खडा भयो र नेपालभित्र दुई जना राजा भए एउटा 'श्री ५' र अर्को 'श्री ३ महाराजा'। यस सदनले बनाएको रोल अफ सक्सेसन नै गलत ढङ्गको थियो। किनभने जङ्गबहादुरको मृत्युपछि उनका भाइ र त्यसपछि छोरा अनि भतिजाहरूमा प्रधानमन्त्री पदको उत्तराधिकार जान्थ्यो। अतः शमशेर (राणा) परिवारले प्रधानमन्त्री बन्न पाउनु त टाढाको कुरा थियो। तसर्थ यस्ता नमिल्दा कारणले गर्दा ई.सं. १८५६ मा जङ्गबहादुरका भाइ रणोद्दीपसिंहको हत्या गरेर शमशेर परिवारले सत्ता हत्याएका थिए। ई.सं. १८५६ पछि जङ्गबहादुर पुरापुर तानाशाह बने। राजा नाम मात्रका बने। सम्पूर्ण प्रशासनिक कार्य प्रधानमन्त्रीको हुने भयो र राजाको काम केवल जात्रामा उपस्थित हुने तथा प्रधानमन्त्रीले गरेका निर्णयहरूमा लालमोहर लगाउने मात्र हुन गयो। यस प्रकार नेपालका श्री ५ महाराजा प्रधानमन्त्रीको स्थितिबारे सतीशकुमार लेख्छन् ("यो पद एक प्रधानमन्त्री र राजाको संयुक्त रूप थियो। राजा झैं नेपालको एक भागमाथि (कास्की र लमजुङ्ग) उनको सार्वभौमसत्ता सम्पन्न आधिपत्य कायम थियो। अनि नेपाल अधिराज्यका बाँकी सम्पूर्ण भाग माथि राजाको साथै संयुक्त रूपमा उनको पनि आधिपत्य थियो। उक्त श्री ५ महाराज प्रधानमन्त्रीको पदमा बस्ने व्यक्तिले चाहेको खण्डमा राजालाई ओभर स्याडो गर्न सक्थ्यो।" १७
राणा शासनलाई नकारात्मक दृष्टिकोणले मात्र नहेरी सकारात्मक दृष्टिकोणले हेर्ने हो भने र मूल्याङ्कन गर्ने हो भने एक शासन व्यवस्थासित दाँज्न सकिन्छ त्यो हो जापानको "ओगुन शासन" होइन भने यस्तो शासनको उदाहरण विश्वको इतिहासमा नै पाइदैन। १८ यस प्रकार माथि उल्लेख गरिएका कुराहरूको आधारमा तथा विभिन्न इतिहासकारहरूले औंल्याएका कुराहरूको अध्ययनबाट के प्रष्ट हुन्छ भने जङ्गबहादुरको पहिलो राजिनामा ई.सं. १८५६ को सनदले गर्दा जङ्गबहादुरले आफूले चाहेको जस्तो कार्य गर्न सके र राणाहरूको १०४ वर्षसम्मको बलियो जगको निर्माण गराउने व्यक्ति पनि उनै जङ्गबहादुर राणा थिए जसले आफू प्रधानमन्त्री भएर पनि भाइको नाममा राजिनामा दिए र तत्पश्चात् आफ्नै चलाखी र कुटनीतिपूर्ण कार्य एवम् महत्वाकांक्षाले ई.सं. १८५६ को सनद राजा सुरेन्द्रद्वारा घोषणा गर्न लगाई सर्वशक्तिशाली भएर नेपालको इतिहासमा चम्के। जङ्गबहादुरको उदयलाई प्रायःजसो लेखकले पूर्वाग्रहपूर्ण दृष्टिकोणले मात्र हेरेका छन्। तर यथार्थमा उनको उदय हुन आवश्यक भइसकेको थियो। भारदारीहरूबीच चलेको हत्या, रक्तपात षड्यन्त्रभित्र गाँजिएको नेपाललाई जङ्गबहादुरको उदयले नेपाललाई पारिवारिक शासनभित्र पारे तापनि नेपालमा केही हदसम्म शान्ति र स्थायीत्व प्रदान गरेको थियो।

## पाद टिप्पणी

१. बालचन्द्र शर्मा(नेपालको ऐतिहासिक रूपरेखा (वाराणसी, कृष्णा कुमारी देवी, वि.सं. २०३३) पेज ३०७। २. त्रिरत्न मानन्धर( जङ्गबहादुर कहिले प्रधानमन्त्री बने, आर्थिक नेपाल (वर्ष १, अङ्क ४ र ५, वि.सं २०४०। ३. पद्मजङ्ग(लाइफ अफ महाराजा श्री जङ्गबहादुर अफ नेपाल (इलाहावाद, पायोनियर प्रेस सन् १९०६), पेज १९२। ४. ऐजन। ५. एम. एस. जैन(द इभरजेन्स अफ ए न्यू एरीष्टोक्रेसी इन नेपाल (आग्रा, श्रीराम मेहर एण्ड कम्पनी, सन् १९७२), पेज १३४। ६. बालचन्द्र शर्मा ( नं. १ पेज ३०७(३०८ , ७. रमाकान्त(इडो(नेपलिज रिलेसन ( न्यूदिल्ली, एस, चाँद एण्ड कम्पनी, सन् १९६८), पेज २७३। ८. एम. एस. जैन( नं. ५, पेज १३६। ९. रमाकान्त( नं. ७, पेज २७५। १०. ऐजन। ११. ऐजन, पेज २७४। १२ पद्मजङ्ग(नं ३, पेज १९३।१३. ऐजन, पेज १९४। १४. एम. एस. जैन(नं. १, पेज १३६। १५. बालचन्द्र शर्मा, नं. १, पेज १४३। (क) एम. एस. जैन( नं. ५, पेज १३६( १३७। (ख) पद्मजङ्ग(नं. ३, पेज १९३(१९४। १६. सतीश कुमार( राणा पोलिटी इन नेपाल, (बम्बई, एशिया पबिलसिङ्ग हाउस, सन १९६७), पेज ६३। १७. ऐजन। १८. राजेश गौतम(राणाकालीन नेपालको एक झलक ( काठमाडौं, रत्न पुस्तक भण्डार वि.सं. २०५०), पेज २२।